# स्थानीय राजपत्र

कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ३ मितिः २०८२।५।११

## भाग — १

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## कागेश्वरी मनोहरा नगरपालिका

## अस्पताल संचालन तथा व्यवस्थापन ऐन २०७६ (दोश्रो संशोधन) २०८१

कागेश्वरी मनोहरा नगरपालिका अस्पताल संचालन तथा व्यवस्थापन(दोश्रो संशोधन) ऐन २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले ।

कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कागेश्वरी मनोहरा नगरपालिकाको मिति २०८१।९।२४ मा सम्पन्न एघारौ नगरसभाको अधिवेशनले देहायको ऐन बनाएको छ ।

**१. मुल ऐनको दफा २ मा संशोधन थपः**

क) कागेश्वरि मनोहरा नगर अस्पताल अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

ख)अस्पतालको काम कारबाहीको निमित्त आफ्नो छुटै छाप हुनेछ ।

ग)अस्पतालले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपयोग गर्न बेचविखन गर्ने वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

घ)अस्पतालले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्ने र अस्पताल उपर पनि सोहि नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**२. दफा ४ प्रथम संशोधन को ख र ग मा संशोधनः**

ख) अस्पतालको विकास सम्बन्धमा आवश्यक दिर्घकालिन तथा अल्पकालिन नीति योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यन्वयन गर्ने ।

ग) अस्पतालको बार्षिक बजेट र कार्यक्रम तयार गरि स्वीकृत गर्ने ।

**३. मुल ऐनको दफा (५.६)को संशोधनः**

व्यवस्थापन समितिको बैठकको निर्णय समितिको अध्यक्ष र समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ ।

**४. मुल ऐनको दफा ४ मा ठ थप गर्नेः**

अस्पतालले प्रदान गर्ने सेवाहरुको शुल्क दस्तुर एवं दर रेट अस्पताल व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. मुल ऐनको दफा ७ मा ७ ग थप गर्ने:**

क. अस्पतालमा आवस्यक जनशक्ति व्यवस्थापनको लागि व्यवस्थापन समितिको अध्यक्षले तोकेको नेपाल सरकारको राजपत्राङ्कित द्वितिय श्रेणी वा सो सरहको पदमा रही न्युनतम ५ वर्ष कार्य अनुभव भएको पदपुर्ति समितिको अध्यक्ष र नेपाल सरकारको स्वास्थ्य क्षेत्रमा स्नातक तह उत्तीर्ण गरी अधिकृतस्तरमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको सदस्य र नगर अस्यतालको कार्यकारी निर्देशक सदस्य सचिव रहेको तीन सदस्यीय पदपुर्ति समिति रहनेछ ।

ख. समितिले आफ्नो कार्यसम्पादनको लागि कार्यविधि आफै बनाउन सक्नेछ ।

ग. विशिष्ट ज्ञान सिप क्षमता आवस्यक पर्ने चिकित्सक लगायत मेडिकल कर्मचारिको हकमा अस्पतालले सूचना प्रकासन गरि बायोडाटा माग गर्ने छ र यसरि प्राप्त निवेदनहरुको सूचि तयार गरि राख्नेछ ।अस्पतालमा आवश्यकताको आधारमा सूचिमा समावेश भएको व्यक्तिलाई करार सम्झौता गरि नियुक्ति गर्ने छ ।

घ. अन्य कर्मचारीहरुको हकमा पदपुर्ति समितिले निर्णय गरे बमोजिम हुनेछ ।

प्रमाणिकरण मिति २०८१।९।२४

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत